# पारिजातका उपन्यासको समाजशास्त्र

त्रिभुवन विश्व विद्यालय
मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत
नेपाली विषयमा
विद्या वारिधि उपाधिका निम्ति प्रस्तुत शोध प्रबन्धको

## शोधसार

शोधकर्ता
**चन्द्रमान श्रेष्ठ**
विद्या वारिधि दर्ता नं. १०/२०६५ साउन
त्रि.वि.द.नं. ४६३९-९४
२०७१

## प्रतिबद्धता

त्रिभुवन विश्व विद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय डीनको कार्यालयमा नेपाली विषयमा विद्या वारिधि उपाधिका लागि प्रस्तुत **पारिजातका उपन्यासको समाजशास्त्र** शीर्षकको यो शोध प्रबन्ध मैले मेरा शोध निर्देशकका निर्देशनमा रही सम्पन्न गरेको पूर्णतः मौलिक कार्य हो । मैले यस शोध प्रबन्धको लेखनका क्रममा विभिन्न स्रोतबाट सामग्री सङ्कलन गरी तिनको उपयोग गरेको छु र तीप्रति कृतज्ञ पनि छु । यस शोध प्रबन्धमा प्रस्तुत निष्कर्षलाई मैले यसअघि कहीँ पनि कुनै उपाधि वा अन्य प्रयोजनका निमित्त प्रस्तुत गरेको छैन । यस शोध प्रबन्धको कुनै पाठ/अंश पुस्तक वा पुस्तकका अंशका रूपमा प्रकाशित गरे गराएको छैन । मैले यहाँ प्रस्तुत गरेका यी प्रतिबद्धताका विरुद्ध कुनै प्रमाण भेटिए म त्यसप्रति पूर्णतः जिम्मेवार हुनेछु ।

...................

मिति : २०७१/०१/ चन्द्रमान श्रेष्ठ

बल्खु, काठमाडौं

# कृतज्ञता ज्ञापन

उपन्यास आज विश्वमा नै चर्चित र लोकप्रिय साहित्यिक विधाका रूपमा स्थापित भएको छ । उपन्यासमा जति सशक्त ढङ्गले समाज र जीवनको चित्रण भएको हुन्छ त्यति साहित्यका अन्य कुनै पनि विधामा भएको हुँदैन । यही विशेषताका कारण उपन्यासलाई आधुनिक युगको 'महाकाव्य'को संज्ञा दिइएको पाइन्छ । उपन्यास मेरो पनि सबैभन्दा मन पर्ने साहित्यिक विधा हो, त्यसैले विद्या वारिधि तहको अनुसन्धान कार्य सुरु गर्ने क्रममा मैले उपन्यास विधा रोज्न पुगेँ । उपन्यासलाई समाजबाट पृथक् राखेर गरिएको अध्ययन कहिल्यै पूर्ण हुन सक्दैन । फलतः नेपाली साहित्यको विशिष्ट हस्ताक्षर बन्न पुगेकी उपन्यासकार पारिजातका उपन्यासहरूमा केन्द्रित रहेर समाजशास्त्रीय अध्ययन गर्नका लागि मैले प्रस्तुत शोध प्रबन्धको शीर्षक छनोट गरेँ । 'पारिजातका उपन्यासको समाजशास्त्र' शीर्षकको यस शोधकार्य पुरा गर्ने क्रममा मैले विभिन्न व्यक्ति तथा संस्थाहरूबाट प्रत्यक्ष परोक्ष रूपमा सहयोग पाएको छु र उहाँहरूप्रति कृतज्ञता प्रकट गर्नु म आफ्नो कर्तव्य ठान्दछु ।

प्रस्तुत शोध प्रबन्ध मैले आदरणीय गुरु प्रा.डा. श्री ताराकान्त पाण्डेयज्यूको कुशल निर्देशनमा तयार पारेको हुँ । आदरणीय गुरुले मलाई हरहमेसा शोधकार्यमा लाग्ने प्रेरणा दिनु भयो । गुरुबाट प्राप्त प्रेरणा मेरा लागि यस शोधकार्य गर्न सक्ने शक्ति, सामर्थ्य र बौद्धिक क्षमतामा रूपान्तरित भयो र मैले यस शोध प्रबन्धलाई पूर्णता दिन सकेँ । आफ्नो व्यस्ततालाई पर्वाह नगरी गुरुज्यूले मलाई यस शोधकार्यमा सदैव मार्ग निर्देशन गर्नु भयो । गुरुज्यूको सही मार्ग निर्देशनविना यस शोधकार्यले पूर्णता पाउने थिएन । यस्तो अमूल्य गुणका लागि म गुरु ताराकान्त पाण्डेयज्यूप्रति हार्दिक कृतज्ञता तथा श्रद्धा व्यक्त गर्दछु । यस शोधकार्यमा आफ्नो अमूल्य समय दिएर उचित सल्लाह, सुझाव एवम् मार्ग निर्देशन गर्नु हुने आदरणीय सह शोध निर्देशक नेपाली केन्द्रीय विभागका प्रमुख प्रा.डा. देवीप्रसाद गौतमज्यूप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु ।शोधकार्यका सिलसिलामा आदरणीय गुरुहरूका परिवारजनबाट पाएको हार्दिकता र सद्भावप्रति धन्यवाद प्रकट गर्दछु ।

यस शोधकार्यका क्रममा मैले प्रसिद्ध भारतीय समाजशास्त्रीय चिन्तक डा. मैनेजर पाण्डेयको महत्त्वपूर्ण सल्लाह र मार्ग निर्देशन पनि प्राप्त गरेको छु । म उहाँको अमूल्य सुझावका लागि हार्दिक आभार प्रकट गर्दछु । शोधकार्यकै क्रममा आदरणीय गुरुहरू प्रा.डा. दयाराम श्रेष्ठ, प्रा.डा. मोतीलाल पराजुली, प्रा. केशव सुवेदी, उप प्रा. डा. सुकुम शर्माका सुझावले ठुलो सहयोग मिलेको छ, म उहाँहरूप्रति हार्दिक आभार प्रकट गर्दछु । त्रि.वि. मानविकी तथा सामाजिक शास्त्र सङ्कायका पूर्व डीन प्रा.डा. नवराज कँडेल, वर्तमानका डीन प्रा.डा. चिन्तामणि पोखरेल, वर्तमानका सहायक डीनज्यूहरू तथा कर्मचारीहरूको सहयोगप्रति आभार प्रकट गर्दछु । शोधकार्यका क्रममा महत्त्वपूर्ण सल्लाह, सुझाव र हौसला प्रदान गर्नु हुने नेपाली केन्द्रीय विभागका गुरु सह-प्रा. डा. नारायण प्रसाद गड्तौलाप्रति अत्यन्तै कृतज्ञ छु । 'विद्या वारिधि गर्नु पर्छ' भनी मलाई पटक पटक घच्घच्याइ रहने र आवश्यक सामग्री उपलब्ध गराई सहयोग गर्ने मेरा आदरणीय दाजु डा. उदय छेत्रीप्रति पनि अत्यन्तै कृतज्ञ छु ।

शोधकार्यका क्रममा आवश्यक अध्ययन सामग्री उपलब्ध गराइ दिने नेपाली केन्द्रीय पुस्तकालय, मदन पुस्तकालय, भारतीय पुस्तकालय, सिनास, पारिजात स्मृति केन्द्र परिवारप्रति हार्दिक आभार प्रकट गर्दछु ।

प्रस्तुत शोधकार्य गर्न प्रोत्साहित गर्ने मेरा शुभ चिन्तक, आफन्तजन र मित्रहरू दिक्तेल बहुमुखी क्याम्पसका प्राचार्य डा. सुकराज राई, नेपाली केन्द्रीय विभागका उप प्रा. अशोक थापा, माधव ढुङ्गेल, कमल कार्की, खेम सापकोटा, सुमन सुवाल, लक्ष्मण भट्ट, भूपेन्द्र के.सी., हरिहर चापागाईं, तेजविलास अधिकारी, विष्णु ज्ञवाली, उप प्रा. विदुर वस्तीप्रति आभार प्रकट गर्दछु । मेरा पूजनीय पिता चन्द्रबहादुर श्रेष्ठ र माता रनमाया श्रेष्ठले मलाई जीवन दिनु भई शिक्षा दिँदै यस अवस्थासम्म आइ पुग्ने अवसर दिनु भयो, उहाँहरूप्रति आजीवन ऋणी छु । हरहमेसा मेरा दुःखसँग जोडिएर नजिक रहने मेरी जीवन सङ्गिनी बसन्ता श्रेष्ठ यस शोधकी अंशियार नै हुन् र अन्य प्रत्यक्ष परोक्ष रूपमा मलाई यस शोधकार्य गर्न सहयोग पुऱ्याउने सबैमा धन्यवाद दिन चाहन्छु । अन्त्यमा यस शोध प्रबन्धको मूल्याङ्कनका लागि त्रि.वि. मानविकी तथा सामाजिक शास्त्र सङ्काय डीनको कार्यालय कीर्तिपुर समक्ष पेश गर्दछु ।

मिति : २०७० /    /

चन्द्रमान श्रेष्ठ

बल्खु, काठमाडौं

## शोधसार

'पारिजातका उपन्यासको समाजशास्त्र' शीर्षकको प्रस्तुत शोध प्रबन्ध सात परिच्छेदमा विभाजित छ। शोध परिचयका रूपमा रहेको पहिलो परिच्छेदमा विशेष रूपमा शोध समस्या, उद्देश्य, शोध विधि जस्ता पक्ष उल्लेख छन्। पारिजातका उपन्यासमा के कस्तो समाजशास्त्र रहेको छ भन्ने मूल समस्या र त्यसको समाधान नै प्रमुख उद्देश्य रहेको हुँदा यसका लागि उपन्यास विश्लेषणको समाजशास्त्रीय आधार खडा गरी पारिजातका नौवटा उपन्यासहरूको समाजशास्त्र विश्लेषण गरिएको छ। प्रस्तुत शोधकार्यका सन्दर्भमा पारिजातका उपन्यासहरू नै प्राथमिक सामग्रीका रूपमा रहेका छन् भने द्वितीयक सामग्रीका रूपमा साहित्यको समाजशास्त्रीय सिद्धान्त तथा पारिजातका उपन्यासमा रहेको सामाजिक पक्षका बारेमा चर्चा गरिएका पुस्तक तथा लेखहरू रहेका छन्। साथै अध्ययन गर्नका निम्ति साहित्यको समाजशास्त्रले स्थापित गरेका सैद्धान्तिक मान्यतामा आधारित भएर विश्लेषणात्मक विधिलाई अङ्गीकार गरिएको छ।

दोस्रो परिच्छेदमा साहित्यको समाजशास्त्रको परिचय र परम्परा, साहित्यको समाजशास्त्रका विभिन्न धाराहरू, साहित्यको समाजशास्त्रर मार्क्सवाद बिचको अन्तर सम्बन्ध तथा उपन्यास विश्लेषणका समाजशास्त्रीय आधारहरूका बारेमा विस्तारका साथ चर्चा गरिएको छ। यस क्रममा साहित्यको समाजशास्त्रको सैद्धान्तिक पक्षका आधारमा उपन्यास विश्लेषण गर्ने प्रारूप निर्धारण गरिएको छ।

तेस्रो परिच्छेदमा पारिजातको जीवनी र व्यक्तित्वका विभिन्न पक्षहरूको अध्ययनसँगै उनको जीवनवृत्त र उपन्यास सिर्जनाको अन्तर सम्बन्धको विश्लेषण गरिनुका साथै यसमा उनको औपन्यासिक यात्रा र वैचारिक विकासको रूपरेखाको पनि सङ्क्षिप्त रेखाङ्कन प्रस्तुत गरिएको छ। यस क्रममा उनका व्यक्तित्वका विभिन्न पक्षहरूको विश्लेषण गरेर उनको उपन्यासकारितासँग तिनको अन्तर सम्बन्ध रहेको पुष्टि गरिएको छ।

चौथोदेखि छैटौँ परिच्छेद शोध प्रबन्धका प्रायोगिक खण्ड हुन्। यी खण्डहरूमा पारिजातका उपन्यासहरूको समाजशास्त्रीय विश्लेषण गरिएको छ।

चौथो परिच्छेदमा पारिजातका विसङ्गतिवादी अस्तित्ववादी उपन्यासहरूको विश्लेषण गरिएको छ। उनका विसङ्गतिवादी अस्तित्ववादी उपन्यासहरू वैयक्तिक चेतनाको अभिव्यक्तिमा केन्द्रित रहेकाले समाजशास्त्रीय दृष्टिले उत्कृष्ट बन्न सकेका छैनन्। **शिरीषको फूल**को तुलनामा **महत्ताहीन**ले बढी समाज बोध गरे पनि नेपाली समाजको यथार्थ पक्षको उद्घाटनका दृष्टिले दुवै उपन्यासहरू कमजोर रहेका छन्। यी उपन्यासहरूमा आएका पात्रहरूले नेपाली समाजका कुनै वर्ग वा समुदाय विशेषको प्रतिनिधित्व नगरेर नितान्त वैयक्तिक चरित्रलाई मात्र उद्घाटन गरेका छन्। तिनले नेपाली समाजको कुनै वर्ग वा समुदाय विशेषको प्रतिनिधित्व गर्न सकेका छैनन्। तसर्थ संरचनागत समानधर्मिताका दृष्टिले उनका यस अवधिका उपन्यासहरू कमजोर रहेका निष्कर्ष निकालिएको छ।

पाँचौँ परिच्छेदमा पारिजातका आलोचनात्मक यथार्थवादी उपन्यासहरूको विश्लेषण गरिएको छ। पारिजातका आलोचनात्मक यथार्थवादी उपन्यासहरूमा वैयक्तिक चेतनालाई क्रमशः त्याग्दै सामाजिक चेतनालाई आत्मसात् गरिएको छ। नेपाली समाजका विभिन्न यथार्थ पक्षलाई आलोचनात्मक दृष्टिकोणका साथ प्रस्तुत गरिएका उनका यस अवधिका उपन्यासहरूले तत्कालीन युगीन यथार्थलाई अभिव्यक्त गरेका

छन् । आलोचनात्मक यथार्थवादी अवधिका उपन्यासहरू मध्ये तुलनात्मक रूपमा अन्तर्मुखी चरित्रको उद्घाटनमा केन्द्रित **अन्तर्मुखी**उपन्यास समाजशास्त्रीय दृष्टिले केही कमजोर रहे तापनि **बैंसको मान्छे** र **तोरीबारी, बाटा र सपनाहरू** उपन्यासहरू केही सीमाका बाबजुद नेपाली समाजको संरचनागत स्वरूपलाई अभिव्यक्त गर्न सफल रहेका निष्कर्ष निकालिएको छ ।

छैठौँ परिच्छेदमा पारिजातका समाजवादी यथार्थवादी उपन्यासहरूको विश्लेषण गरिएको छ । पारिजातका समाजवादी यथार्थवादी उपन्यासहरू तत्कालीन नेपाली समाजका विभेदपूर्ण सामाजिक, आर्थिक, राजनीतिक अवस्थालाई यथार्थ रूपमा प्रस्तुत गर्न सक्षम रहेकाले समाजशास्त्रीय दृष्टिले उत्कृष्ट रहेका छन् ।यस अवधिका उपन्यासका पात्रहरू काल्पनिक भए पनि ती र तिनका भोगाइले नेपाली समाजको एउटा कालखण्डको जीवनलाई सशक्त ढङ्गले प्रस्तुत गरेका छन् । समाजवादी यथार्थवादी मूल प्रवृत्ति भएका उनका **उसले रोजेको बाटो, पर्खालभित्र र बाहिर,अनिदो पहाडसँगै** तथा **परिभाषित आँखाहरू** उपन्यासहरू नेपाली समाजको ऐतिहासिक विकास क्रमको एउटा कालखण्डलाई प्रस्तुत गर्न सक्षम रहेकाले नेपाली समाजको कलात्मक दस्तावेज बनेको निष्कर्ष निकालिएको छ ।

सातौँ परिच्छेदमा शोधको सारांश र निष्कर्ष दिइएको छ । पारिजातका नौवटा उपन्यासहरूमध्ये विसङ्गतिवादी अस्तित्ववादी चरणका उपन्यासहरू समाजशास्त्रीय दृष्टिले कमजोर देखिन्छन् भने आलोचनात्मक यथार्थवादी र समाजवादी यथार्थवादी उपन्यासहरू निकै प्रभावशाली रहेका छन् । तिनमा पञ्चायत कालीन नेपाली समाजको द्वन्द्वशील इतिहास र संस्कृतिको प्रभावपूर्ण अभिव्यक्ति भएको छ र त्यस दृष्टिले तिनमा संरचनाको समानधर्मिताको निर्वाह भएको छ । त्यसैले तिनलाई नेपाली समाजको कलात्मक ऐतिहासिक दस्तावेजका रूपमा लिइएको छ । यस प्रवृत्तिका उपन्यासहरूमा **अनिदो पहाडसँगै**, **पर्खालभित्र र बाहिर**उत्कृष्ट उपन्यासका रूपमा देखा पर्छन् भने**परिभाषित आँखाहरू**, **उसले रोजेको बाटो**, **तोरीबारी**, **बाटा र सपनाहरू**, **बैंसको मान्छे**, **अन्तर्मुखी**उपन्यासहरूले केही सीमाका बावजुद नेपाली समाजको त्यस कालखण्डको संरचना, संस्कृति र अनुभूतिलाई महत्त्वपूर्ण ढङ्गले अभिव्यक्त गरेको निष्कर्ष निकालिएको छ ।

प्रस्तुत शोध अध्ययनबाट प्राप्त भएका निष्कर्षलाई हेर्दा पारिजात वैयक्तिक चेतनाका केन्द्रीयतामा विसङ्गतिवादी अस्तित्ववादी उपन्यास सिर्जनाका प्रवृत्तिबाट मुक्त हुँदै बिस्तारै सामाजिक चेतनाका विस्तारित धरातलमा जीवनको बोध गरेर सामाजिक उत्पादनका रूपमा उपन्यास सिर्जना गर्ने स्रष्टाका रूपमा परिचित हुँदै गएको देखिन्छ । यसै कारण उनका उपन्यास समाजशास्त्रीय कोणबाट अध्ययन योग्य रहेका छन् । **शिरीषको फूल** र **महत्ताहीन** जस्ता पूर्वार्द्ध कालीन उपन्यासमा अनुभूतिको संरचना र विश्वदृष्टिको प्रयोग पाइए पनि तिनका पात्र र तिनको जीवनले नेपालको सामाजिक इतिहासलाई व्यक्त गर्न नसकेका कारण समाजशास्त्रीय दृष्टिले तिनमा पारिजातको उपन्यासकारिता खुम्चिएको छ र मूल्ययुक्त बन्न सकेको छैन तापनि उनका उत्तरार्द्ध कालीन उपन्यासले बेग्लै निष्कर्ष दिन्छन् ।

**बैंसको मान्छे** (२०२९) उपन्यासबाट पारिजात नेपाली समाजसँग जोडिन थालेको देखिन्छ भने उनको आफ्नै जीवनको (विशेषतः वैचारिक) विकासका साथै नेपाली माटोमै २०२० को दशकका उत्तरार्द्धतिर विकसित भएको वर्ग सङ्घर्षको प्रभाव उनको यस उपन्यासमा परेको देखिन्छ । कथाको मूल पात्रले गरेको होटेल मालिकको हत्याले तत्कालीन नेपाली समाजको अन्तर्विरोध र त्यहाँ मानवद्वेषी उत्पीडन विरुद्ध विकसित हुँदै गएको घृणा र प्रतिशोधको विश्वदृष्टिलाई व्यक्त गर्दै यस उपन्यासले पारिजातको उपन्यास सिर्जनामा समाजशास्त्रीय तत्त्वहरूको समावेश हुन थालेको प्रस्ट सङ्केत गरेको छ । वि. सं. २०२९/०३० तिरबाट पारिजातले मार्क्सवादी विचार तथा दर्शनलाई आत्मसात् गरेपछि उनका

उपन्यासमा नेपाली समाजको द्वन्द्वशील जीवनबाटै पात्रहरूको चयन गरी कथानकको निर्माण भएको पाइन्छ ।

वि.सं. २०३० देखि २०४६ सम्मको अवधि नेपाली समाजमा राजतन्त्रको सक्रियतामा स्थापित पञ्चायती व्यवस्थाको उत्कर्षको अवधि हो । यस अवधिमा पञ्चायत र पञ्चहरूको दबाव र दमनमा विभिन्न वर्ग र समुदायका मानिसहरू पिल्सिएको, अभिव्यक्ति स्वतन्त्रता खोसिएको, राजनीतिक पार्टीहरू प्रतिबन्धित रहेको र राजनीतिक स्वतन्त्रता कुण्ठित पारिएको अवस्था विद्यमान थियो । सामन्तवादी निरङ्कुश खालको राजनीतिक प्रणालीको व्याप्तिका कारण वर्गीय, आर्थिक, लैङ्गिक, जातीय र वर्णगत उत्पीडन खप्नु पर्ने अवस्था एकातिर व्याप्त थियो भने अर्कातिर त्यसका विरुद्ध नयाँ सामाजिक राजनीतिक संरचनाको निर्माणका लागि प्रतिरोधको संस्कृति पनि विकसित हुँदै थियो । कतै राष्ट्रव्यापी र कतै स्थानीय रूपमा विद्यार्थी, मजदुर, किसान, सुकुम्बासी, शिक्षक आदि विभिन्न वर्ग र समुदायको आन्दोलनले पञ्चायतको अभिजातीयता र निरङ्कुशतालाई चुनौती दिइ रहेका थिए र समग्रतः विद्रोह र बलिदानको नयाँ संस्कृतिको निर्माण हुँदै गएको थियो । पारिजातका उत्तरार्द्ध कालीन उपन्यासहरूको सिर्जना ठिक यही सामाजिक राजनीतिक पृष्ठभूमिमा भएको हो ।

पारिजात स्वयम् सामाजिक राजनीतिक गतिविधिसँग पनि जोडिँदै गएको र वैचारिक रूपमै पनि परिवर्तनकारी मार्क्सवादी चेतनालाई आत्मसात् गर्दै गएका कारण उनका उपन्यासमा तत्कालीन नेपाली समाजमा विकसित वर्ग सङ्घर्षको अभिव्यक्तिले महत्त्वपूर्ण स्थान पाएको छ । यस क्रममा विशिष्ट सामाजिक र भौगोलिक परिवेशको निर्माण गर्दै उनले त्यस परिवेशमा सामन्तवादका रुढिपूर्ण पितृसत्तात्मक संस्कृतिद्वारा ग्रामीण महिलामाथि हुने लैङ्गिक एवम् सामाजिक उत्पीडन, श्रमिकहरूमाथि हुने मालिकहरूको उत्पीडन, सुकुम्बासीमाथि हुने सत्ता र सत्ता संरक्षित व्यक्तिहरूको उत्पीडन, विद्यार्थी, शिक्षक तथा राजनीतिक कार्यकर्ता र नेतृत्वमाथि हुने राजकीय उत्पीडनको सन्दर्भलाई निकै प्रभावकारी ढङ्गले प्रस्तुत गरेकी छन् । यस प्रकारको चित्रणबाट उनका उपन्यासमा सामाजिक इतिहासको निर्माण भएको छ । पात्रहरू काल्पनिक भए पनि ती र तिनका भोगाइले नेपाली समाजको एउटा कालखण्डको जीवनलाई सशक्त ढङ्गले प्रस्तुत गरेका छन् । यसरी पारिजातका उपन्यासहरू सामाजिक दस्तावेज बनेका छन् र तिनका माध्यमबाट रागात्मक रङ्गमा नेपाली समाजको अन्तर्विरोधपूर्ण इतिहासको अध्ययन गर्न सकिन्छ । **उसले रोजेको बाटो**, **पर्खालभित्र र बाहिर**, **अनिदो पहाडसँगै** जस्ता उपन्यासहरू २०२० र २०३० को दशकको अन्तर्विरोधपूर्ण नेपाली समाजको इतिहासलाई व्यक्त गर्न सक्षम रहेका छन् ।

प्रजातीय दृष्टिले पारिजातको विशेषतः मङ्गोल प्रजातिका पात्र र तिनका जीवनचर्याको चित्रणमा रुचि पाइन्छ तापनि प्रजातीय चरित्रभन्दा वर्गीय पात्रहरूको चयन र सोही अनुरूपको चारित्रिक विकास उनको औपन्यासिक अभीष्ट हो । त्यसैले पारिजातलाई प्रजातिगत चरित्र निर्मात्रीभन्दा पनि वर्गीय समाजको अभिव्यञ्जनाकारका रूपमा लिनु पर्ने स्थिति रहेको छ । क्षण र परिवेशको संयोजनका दृष्टिले पारिजातका उपन्यासको समाजशास्त्रीय मूल्य ज्यादा प्रखर छ । पञ्चायत कालीन राज्य उत्पीडन र मुक्ति चेतनाद्वारा डोरिएर विभिन्न वर्ग र समुदायले सञ्चालन गरेका सङ्घर्षको कालिक परिवेशगत प्रस्तुतिमा उनका उत्तरार्द्ध कालीन उपन्यास समर्थ छन् । पञ्चायत कालीन दमन र त्यसका विरुद्ध सङ्घर्षको विशिष्ट परिवेशको अध्ययनका लागि पारिजातका उपन्यास महत्त्वपूर्ण सामग्री हुन् ।

पारिजातका उपन्यासमा एकातिर निरङ्कुश शासकहरूको अनुभूति र विश्वदृष्टिको अभिव्यक्ति छ भने त्यसका समानान्तरमा किसान, मजदुर, विद्यार्थी, शिक्षक, महिला आदि वर्ग र समुदायका विश्वदृष्टि र अनुभूतिको चित्रण पनि उत्तिकै प्रभावकारी छ । पञ्चायती शासकहरूको जनताप्रतिको दृष्टिकोण र

उत्पीडित जनताले चलाएको आन्दोलनले उनीहरूमा जन्माएको अनुभूति अनि जनताको परिवर्तनको चाहना र त्यसका लागि आन्दोलन गर्दा राज्यबाट भएको र थोपरिएको दमन तथा जेलनेलले जन्माएको विशिष्ट अनुभूतिको कलात्मक दस्तावेजीकरण पारिजातका उपन्यासमा भएको छ । यसका अतिरिक्त महिलामाथि तत्कालीन राज्य संरक्षित व्यक्तिहरूका साथै पितृसत्तात्मक संस्कारले ग्रस्त मानिसहरूबाट हुने लैङ्गिक उत्पीडन र बलात्कार समेतका कृत्य र त्यसले महिलाहरूमा जन्माएको विशिष्ट अनुभूतिका साथै घृणा र प्रतिरोधको विश्वदृष्टिको अभिव्यक्ति पनि पारिजातका उपन्यासको समाजशास्त्रीय मूल्यका सूचक हुन् । यसरी समग्रमा हेर्दा पारिजातका उपन्यासमा आफ्नो समयको समाजका अन्तर्विरोध र त्यसमा वास्तविक मूल्यको प्राप्ति तथा त्याग र बलिदानमा आधारित नयाँ संस्कृतिको निर्माण प्रक्रियालाई प्रभावकारी ढङ्गले प्रस्तुत गरिएकाले ती नेपाली समाजको संरचनासँग गहिरो गरी जोडिएका छन् । आफ्नो समयको अन्तर्विरोधपूर्ण सामाजिक जीवन र संरचनाको कलात्मक आख्यानीकरण र तदनुकूल पात्र निर्माण गरी तिनका विशिष्ट अनूभूति र विश्वदृष्टिको प्रस्तुति नै पारिजातका उपन्यासको समाजशास्त्र हो ।

# विषय सूची

## परिच्छेद एक

## शोध परिचय


१.१ विषय परिचय १
१.२ शोध समस्या २
१.३ शोधकार्यको उद्देश्य ३
१.४ पूर्वकार्यको समीक्षा ३
१.४.१ सैद्धान्तिक अध्ययन ४
१.४.२ व्यावहारिक अध्ययन १६
१.४.३ निष्कर्ष ४१
१.५ शोधकार्यको औचित्य ४२
१.६ शोधविधि ४२
१.६.१ सामग्री सङ्कलन विधि ४२
१.६.२ सैद्धान्तिक ढाँचा ४३
१.७ अध्ययनको सीमा ४४
१.९ शोध प्रबन्धको रूपरेखा ४४


## परिच्छेद दुई

## साहित्यको समाजशास्त्रको सैद्धान्तिक स्वरूप र उपन्यास विश्लेषणको ढाँचा


२.१ परिचय ४६
२.२ साहित्यको समाजशास्त्रीय चिन्तनको परम्परा ४७
२.३ साहित्यको समाजशास्त्रीय चिन्तनका विभिन्न धाराहरू ५१
२.३.१ प्रत्यक्षवादी विधेयवादी धारा ५१
२.३.२ मीमांसावादी धारा ५४

२.३.२.१ आलोचनात्मक समाजशास्त्र ५४

२.३.२.२ उत्पत्तिमूलक संरचनावाद ५६

२.३.२.३ सांस्कृतिक भौतिकवाद ५९

२.३.३ मार्क्सवादी धारा ६३

२.४ साहित्यको समाजशास्त्र र मार्क्सवाद ६७

२.५ उपन्यास विश्लेषणका समाजशास्त्रीय आधारहरू ७२

२.५.१ प्रजातिको उपस्थिति ७२

२.५.२ क्षण तथा परिवेश ७४

२.५.३ सामाजिक संस्कृति ७७

२.५.४ सामाजिक इतिहास ८१

२.५.५ वर्गीय द्वन्द्व ८४

२.५.६विश्वदृष्टि ८८

२.५.७ अनुभूतिको संरचना ९०

२.५.८ भाषा प्रयोग ९३

## परिच्छेद तिन

## पारिजातको जीवन वृत्त र उपन्यास सिर्जनामा त्यसको प्रभाव

३.१ पारिजातको जीवनी ९५

३.१.१ जन्म ९५

३.१.२ शिक्षा र पेसा ९६

३.१.३ स्वभाव र रुचि ९७

३.१.४ प्रेरणा र सिर्जना ९८

३.१.५ विभिन्न सङ्घ संस्थाहरूमा संलग्नता ९९

३.१.६ पुरस्कार तथा सम्मानहरू १००

३.२ पारिजातको उपन्यास यात्रा र वैचारिक विकासक्रमको रूपरेखा १००

३.३ पारिजातको जीवन सन्दर्भ र उपन्यास सिर्जनामा त्यसको प्रभाव ११४

३.४ निष्कर्ष ११९

## परिच्छेद चार

## पारिजातका विसङ्गतिवादी अस्तित्ववादी उपन्यासहरूको समाजशास्त्र

४.१ विषय प्रवेश १२१

४.२ 'शिरीषको फूल' उपन्यासको समाजशास्त्र १२१

४.२.१ प्रजातिको उपस्थिति १२२

४.२.२ क्षण तथा परिवेश १२३

४.२.३विश्वदृष्टि १२५

४.२.४ अनुभूतिको संरचना १२७

४.२.५ भाषा प्रयोग १२८

४.३ 'महत्ताहीन' उपन्यासको समाजशास्त्र १३०

४.३.१ प्रजातिको उपस्थिति १३१

४.३.२ क्षण तथा परिवेश १३२

४.३.३ सामाजिक इतिहास १३३

४.३.४ विश्वदृष्टि १३५

४.३.५ अनुभूतिको संरचना १३६

४.३.६ भाषा प्रयोग १३७

४.४ निष्कर्ष १३९

## परिच्छेद पाँच

## पारिजातका आलोचनात्मक यथार्थवादी उपन्यासहरूको समाजशास्त्र


५.१ विषय प्रवेश १४२

५.२ 'बैंसको मान्छे' उपन्यासको समाजशास्त्र १४२

५.२.१ प्रजातिको उपस्थिति १४३

५.२.२ क्षण तथा परिवेश १४३

५.२.३ सामाजिक संस्कृति १४७

५.२.४ सामाजिक इतिहास १५१

५.२.५ वर्गीय द्वन्द्व १५४

५.२.६ विश्वदृष्टि १५७

५.२.७ अनुभूतिको संरचना १६०

५.२.८ भाषा प्रयोग १६३

५.३ 'तोरीबारी, बाटा र सपनाहरू' उपन्यासको समाजशास्त्र १६५

५.३.१ प्रजातिको उपस्थिति १६६

५.३.२ क्षण तथा परिवेश १६६

५.३.३ सामाजिक संस्कृति १७०

५.३.४ सामाजिक इतिहास १७४

५.३.५ वर्गीय द्वन्द्व १७८

५.३.६ विश्वदृष्टि १८१

५.३.७ अनुभूतिको संरचना १८४

५.३.८ भाषा प्रयोग १८६

५.४ 'अन्तर्मुखी' उपन्यासको समाजशास्त्र १८८

५.४.१ प्रजातिको उपस्थिति १८८

५.४.२ क्षण तथा परिवेश १८९

५.४.३ सामाजिक संस्कृति १९१

५.४.४ सामाजिक इतिहास १९३

५.४.५ वर्गीय द्वन्द्व १९६

५.४.६ विश्वदृष्टि १९७

५.४.७ अनुभूतिको संरचना १९८

५.४.८ भाषा प्रयोग २०१

५.५ निष्कर्ष २०२

## परिच्छेद छ

## पारिजातका सामाजवादी यथार्थवादी उपन्यासहरूको समाजशास्त्र

६.१ विषय प्रवेश २०४

६.२ 'उसले रोजेको बाटो' उपन्यासको समाजशास्त्र २०५

६.२.१ प्रजातिको उपस्थिति २०५

६.२.२ क्षण तथा परिवेश २०७

६.२.३ सामाजिक संस्कृति २१०

६.२.४ सामाजिक इतिहास २१३

६.२.५ वर्गीय द्वन्द्व २१५

६.२.६ विश्वदृष्टि २१८

६.२.७ अनुभूतिको संरचना २२२

६.२.८ भाषा प्रयोग २२५

६.३ 'पर्खालभित्र र बाहिर' उपन्यासको समाजशास्त्र २२७

६.३.१ प्रजातिको उपस्थिति २२७

६.३.२ क्षण तथा परिवेश २२८
६.३.३ सामाजिक संस्कृति २३२
६.३.४ सामाजिक इतिहास २३५
६.३.५ वर्गीय द्वन्द्व २३८
६.३.६ विश्वदृष्टि २४२
६.३.७ अनुभूतिको संरचना २४५
६.३.८ भाषा प्रयोग २५०
६.४ 'अनिदो पहाडसँगै' उपन्यासको समाजशास्त्र २५१
६.४.१ प्रजातिको उपस्थिति २५२
६.४.२ क्षण तथा परिवेश २५५
६.४.३ सामाजिक संस्कृति २५९
६.४.४ सामाजिक इतिहास २६३
६.४.५ वर्गीय द्वन्द्व २६६
६.४.६ विश्वदृष्टि २६९
६.४.७ अनुभूतिको संरचना २७३
६.४.८ भाषा प्रयोग २७७
६.५ 'परिभाषित आँखाहरू' उपन्यासको समाजशास्त्र २७९
६.५.१ प्रजातिको उपस्थिति २८०
६.५.२ क्षण तथा परिवेश २८३
६.५.३ सामाजिक संस्कृति २८६
६.५.४ सामाजिक इतिहास २९०
६.५.५ वर्गीय द्वन्द्व २९३
६.५.६ विश्वदृष्टि २९५

६.५.७ अनुभूतिको संरचना २९८

६.५.८ भाषा प्रयोग ३०१

६.६ निष्कर्ष ३०३

## परिच्छेद सात

## सारांश तथा निष्कर्ष

७.१ परिच्छेदगत सारांश ३०६

७.२ समस्यागत निष्कर्ष ३१२

७.३ साधारणीकृत निष्कर्ष ३१४

७.४ भावी शोधका निम्ति सुझाउ ३१६

पारिभाषिक शब्दावली ३१७

सन्दर्भ सामग्री सूची ३१९

## सङ्क्षेपीकृत शब्द सूची

अनु. - अनुवादक

ते.सं. - तेस्रो संस्करण

त्रि.वि. - त्रिभुवन विश्वविद्यालय

दो.सं. - दोस्रो संस्करण

पा.सं. - पाँचौँ संस्करण

प्रा.डा. - प्राध्यापक डाक्टर

पृ. - पृष्ठ

वि.सं. - विक्रम सम्वत्

सम्पा. - सम्पादक